# सेप्टेम्बर 1 तारिक पछि पनि कोरोनाबाट बच्ने उपायहरुको बारेमा

「BA.5 बाट बच्ने उपायलाई सुदृढीकरणको घोषण」 को अवधि थपगरिएको （सेप्टेम्बर 30 सम्म)

▽ हालको संक्रमण अवस्था र स्वास्थ्य क्षेत्रमा भएको चापलाई ध्यानमा राख्दै,「**मियागी BA.5 बाट बच्ने उपायलाई सुदृढीकरणको घोषणा**」को अवधिलाई **सेप्टेम्बर अन्त्य सम्म थप** गरिएको छ

→ **प्रान्तका नागरिकहरुमा गरिएको अनुरोध आदि** भने, केहि अंश बाहेक **निरन्तरता** दिईने （※**नि: शुल्क परीक्षण** सँग सम्बन्धि कुरामा परिवर्तहुने)

## 「BA.5 बाट बच्ने उपायलाई सुदृढीकरणको घोषणा」 पालना मुख्य अनुरोध, आदि

**प्रान्तका नागरिकहरुको लागि**

- ✓ आधारभूत संक्रमण नियन्त्रण उपायहरूको पुनः पूर्णता पुर्वक पालना गरौ
- ✓ पार्टी तथा खानपिन गरिने कार्यक्रमहरु को समयमा सावधानी अपनाउने
- ✓ प्रारम्भिक खोप लगाउन को लागि प्रोत्साहन
- ✓ एन्टिजेन परीक्षण किट आदि बाट आफ्नै खर्चमा परिक्षण गर्ने (हल्का लक्षण र गम्भिर जोखिम नभएका व्यक्तिहरु)
- ✓ संक्रमणको उच्च जोखिम भएका कार्यक्रमहरू आदि मा जान लाई रोक्ने ( विशेष गरी गम्भिर जोखिम भएका व्यक्तिहरु)
- ✓ आकस्मिक बाहिरंग विभाग, एम्बुलेन्सको उचित प्रयोग गरौ

**व्यवसायीहरुको लागि**

- ✓ घरबाट नै गरिने अफिसको काम （अनलाइन वर्क） आदिको प्रवर्द्धन
- ✓ संघसंस्थामा गरिने कार्यक्रम आदि मा संक्रमण नियन्त्रण पूर्णपालना
- ✓ व्यापार निरन्तरता योजना मा आधारित व्यापारको निरन्तरता (विशेष गरी सामाजिक-आर्थिक गतिविधिहरु लाई कायम राख्न सहयोगी आवश्यक व्यवसायी)

**आधारभुत रुपमा, माथि उल्लेखित अनुरोधहरू, आदि लाई जारी राखिने छ**

## यस पटकको मुख्य परिवर्तनहरू

| सामग्री | | बर्तमानको | परिवर्तन पछिको |
|---|---|---|---|
| BA.5 बाट बच्ने उपायलाई सुदृढीकरणको घोषणको अवधि | | अगष्ट 31 तारिक सम्म | **सेप्टेम्बर 30 तारिक सम्म** |
| नि: शुल्क परीक्षण | संक्रमण फैलिएको समयमा सर्वसाधारणको लागिको परीक्षण परियोजना | अगष्ट 31तारिक सम्म | **सेप्टेम्बर 30 तारिक सम्म** |
| | खोप परीक्षण प्याकेज, लक्षित व्यक्तिहरू सबैको परीक्षण, आदि स्थापित प्रवर्द्धन परियोजना | अगष्ट 31 तारिक सम्म | **अगस्त 31 मा समाप्त** (राष्ट्रिय प्रणाली संशोधनको लागि) |

## 【 उल्लेख】 नि:शुल्क परीक्षण परियोजना को संक्षिप्त विवरण

| वस्तु | सर्वसाधारणको लागिको परीक्षण परियोजना 【लाई निरन्तरता】 | स्थापितप्र वर्द्धन परियोजना [लाई अन्त्य】 |
|---|---|---|
| लक्षित व्यक्तिहरु | संक्रमणको कारणले चिन्तित लक्षण नदेखिएको व्यक्तिहरु | रेस्टुरेन्ट, कार्यक्रम,यात्रा गर्दा आदि, सामाजिक आर्थिक गतिविधिहरूको जमघटमा नेगेटिभ पुष्टी गर्न आवश्यक, लक्षण नदेखिएको व्यक्तिहरु |
| परीक्षण विधि | पीसीआर परीक्षण, आदि | एन्टिजेन परीक्षण किट （सैदान्तिक रुपमा ) |

# प्रान्तका नागरिकहरु लाई अनुरोधको बिबरण【प्रान्त भित्रका सम्पूर्ण क्षेत्र】

※ रेखांकित भाग पहिलो पटक बाट केही परिवर्तन गरिएका ठाउँ हुन

| सेप्टेम्बर 1 तारिक देखि सेप्टेम्बर 30 तारिक | नोट |
|---|---|
| ○ प्रभावकारी रुपमा कोठामा हावा परिचालन गर्ने, सर्जिकल मास्कको प्रयोग गर्ने, हात,नाडीको सरसफाई आदि प्रान्तका प्रत्येक नागरिकहरुले आधारभूत रुपमा संक्रमण नियन्त्रण उपायहरू पूर्ण रुपमा पालना गरौ<br>○ धैरै गर्मि वा लु लाग्नु बाट साबधानी अपनाई, नजिकै बाट गरिने कुराकानी आदि रोकी, परिस्थिति अनुसार सही ढंगले मास्क लगाउने गरौ<br>○ अन्य प्रिफेक्चरहरुमा यात्रा गर्दा आधारभूत रुपका संक्रमण नियन्त्रणका उपायहरूको पूर्ण रुपमा पालन गर्नुका साथै, गन्तव्य स्थान जस्तोकि प्रिफेक्चरहरुद्वारा अनुरोध गरिएको संक्रमण नियन्त्रण उपायहरूको पालना गरौ | लाई निरन्तरता |
| ○ पार्टी तथा खानपिन गरिने कार्यक्रम को बेलामा, लामोसमयसम्म, ठुलो स्वरमा होहल्ला नगर्ने, कुराकारी गर्दा पनि राम्ररी मास्क लगाउने कार्यको पूर्णरुपमा पालना गर्ने आदि「अरुमा सार्ने」「आफुमा सर्ने」कार्य लाई पूर्णता रोक्ने कोशिस गरौ<br>○ रेस्टुरेन्टहरुको प्रयोग गर्दाको बेलामा, कोरोना मापन प्रमाणीकरण पसल ※आदिको उपयुक्त संक्रमण नियन्त्रणका उपायहरू लागू गरिएको रेस्टुरेन्टहरु आदिको प्रयोग गरि, पसलको नियम अनुसारको संक्रमण रोकथाम उपायहरु पालना गर्नमा सहयोग गरौ ※「छनौट गरौ ! छान्नसकिने !!मियागी रेस्टुरेन्ट कोरोना मापन प्रमाणीकरण प्रणाली」को प्रमाणीकरण पसल<br>○ संक्रमणको बारेमा चिन्ता महसुस गरिरहेको नगरबासीले लक्षण नदेखिए पनि परीक्षण गर्ने गरौ | लाई निरन्तरता |
| ○ सकेसम्म प्रारम्भिक चरणमा तेस्रोपटक सम्मको खोप लगाउने कार्य गरौ, (विशेष गरी युवा पुस्ताका व्यक्तिहरु) साथै वृद्धवृद्धाहरू र अन्तर्निहित रोग भएका आदि गम्भीर रोगहरूको उच्च जोखिम भएका व्यक्तिहरु, स्वास्थ्य क्षेत्रका कर्मचारी र वृद्धआश्रम आदिका कर्मचारीहरुले चाँही चौथोपटकको खोप लगाऊ<br>○ 5 वर्ष देखि 11 वर्षका बालबालिकाका अभिभावकहरूले आफ्ना बालबालिकाहरूलाई खोप लगाउने बारेमा विचार गरौ | परिबर्तन गरिएको |
| ○ देश बाहिर जाने वा फर्कने वा यात्रा गर्दा, महत्वपूर्ण कार्यक्रममा सहभागी हुनुपर्ने बेला आदिमा भने आधारभुत रुपका संक्रमण नियन्त्रण उपायहरूलाई पूर्ण रुपले पालना गर्नुका साथै, यात्रा गर्ने प्रिफेक्चर र कार्यक्रम आयोजक द्वारा अनुरोध गरिएको संक्रमण नियन्त्रण उपायहरूको पालना गरौ | परिबर्तन गरिएको |
| ○ नियमित रूपमा आफ्नो स्वास्थ्य व्यवस्थापन गर्न प्रयास गर्नुका साथै, ज्वरो, खोकी, घाँटी दुख्ने आदि अलिअलि भएपनि अस्वस्थ महसुस भएको खण्डमा, सँगै बस्ने परिवारका सदस्यहरू सहित, बाहिर घुमफिर, यात्रागर्ने जस्ता कार्यलाई रोकौ | लाई निरन्तरता |
| ○ चिकित्सा उपचार, चिकित्सा संस्था परीक्षण केन्द्र (ज्वरो आउँदाको लागिको बाहिरंग सेवा) मा चाप कम गर्न को लागी हल्का लक्षणहरू भएका व्यक्तिहरू, गम्भिर, उच्च जोखिम कम भएका व्यक्तिहरुले,【नयाँ स्थापन पिसिआर जांच केन्द्र】पोजेटिभ देखिएका व्यक्ति सहयोग केन्द्रको प्रयोग गर्ने गरौ | परिबर्तन गरिएको |
| ○ आफु र आफ्नो परिवार को सुरक्षाको लागी, भीडभाड हुने ठाउँ आदि, संक्रमणको उच्च जोखिम भएको ठाउँमा जानेआउने,यात्रा गर्ने बाहेक, बाहिर गई सामुहिक रुपमा मदिरा सेवन गर्ने आदि, संक्रमणको जोखिम उच्च हुने गतिविधिहरूलाई रोकौ (गम्भीर रोगको उच्च जोखिम भएका व्यक्तिहरुले विशेष ध्यान दिनुपर्छ)<br>○ चिकित्सा क्षेत्रमा बढ्दो चापका कारणलाई ध्यानमा राख्दै, आकस्मिक बाहिरंग सेवा साथै एम्बुलेन्सको उचित प्रयोग गर्ने कार्य गरौ | लाई निरन्तरता |